नेपाल सरकार

# ऊर्जा मन्त्रालय

## प्रेस विज्ञप्ति

मिति : २०६६।८।२९

बागमती अञ्चल, धादिङ्ग जिल्ला, सल्यानकोट र मार्पाक गा.वि.स.हरुमा अवस्थित आँखु खोलामा ७ मेगावाट क्षमताको **आँखु खोला-१ जलविद्युत आयोजना**को विद्युत उत्पादनको अनुमतिपत्र प्रबर्द्धक श्री आँखु खोला जलविद्युत कम्पनी प्रा.लि., थापाथली, काठमाडौंलाई नेपाल सरकारको मिति २०६६।८।२६ को निर्णय अनुसार प्रदान गरिएको छ । यस आयोजनाबाट वार्षिक ३९ गेगावाट आवर विद्युत शक्ति उत्पादन हुने छ । उक्त आयोजना सम्पूर्ण रुपमा प्रस्तावित जलाशययुक्त बुढीगण्डकी आयोजनाको जलाशय सतहभन्दा माथि रहने गरी प्रस्तावित गरिएको छ । उक्त आयोजनाबाट उत्पादन हुने विद्युत १२ कि.मि. लामो प्रसारण लाइन मार्फत धादिङ बेसी स्थित नेपाल विद्युत प्राधिकरणको सवस्टेशनमा जोडिने छ । यो आयोजना आ.व. २०६७।६८ सम्ममा सम्पन्न हुने छ भने आयोजनाको अनुमानित लागत करिब १ (एक) अर्ब रुपैयाँ रहेको छ ।

यो आयोजना समेत ऊर्जा मन्त्रालयबाट यस वर्षको वैशाखदेखि हालसम्मको ८ महिनाको अवधिमा ५४ मेगावाट क्षमताको विद्युत उत्पादनको अनुमति पत्र निजी क्षेत्रलाई प्रदान गरिएको छ । यो वर्ष आँखु खोला-१ जलविद्युत आयोजना समेत सिप्रिन खोला आयोजना (१० मेगावाट), मादी-१ जलविद्युत आयोजना (२० मेगावाट), तल्लो मोदी-१ जलविद्युत आयोजना (१० मेगावाट), भैरवकुण्ड जलविद्युत आयोजना (२ मेगावाट) र सिउरी खोला जलविद्युत आयोजना (५ मेगावाट) गरी कुल ६ वटा आयोजनाहरुलाई विद्युत उत्पादनको अनुमति पत्र प्रदान गरिएको छ । विगत ५ वर्षको अवधिमा कुनै पनि वर्षमा यति धेरै विद्युत उत्पादनको अनुमति पत्र निजी क्षेत्रलाई प्रदान हुन सकेको थिएन । देशमा हाल सुधार हुँदै गएको शान्ति सुरक्षाको कारणले लगानीमैत्री वातावरण सृजना हुँदै गएको र देश परिस्थिति अनुसार साना आयोजनाहरुलाई स्वदेशी प्रबर्द्धकहरुबीच प्रबर्द्धन गरिएको कारणले प्राप्त गर्न सकिएको विश्वास लिइएको छ ।

यस वर्षको बाँकी अवधिमा करिब त्यति नै क्षमताका अन्य आयोजनाको विद्युत उत्पादनको अनुमति पत्र जारी हुने प्रक्रियामा रहेको छ ।

**विश्व प्रकाश पण्डित**
सहसचिव